# ‘दुई रुपियाँ नोट’ कथामा लैङ्गिक शक्तिसम्बन्ध


गुरुप्रसाद पोखरेल

उपप्राध्यापक, पद्मकन्या बहुमुखी क्याम्पस, काठमाडौँ

इमेल : gurupokharel@gmail.com



DOI: https://doi.org/10.3126/prajna.v126i1.86309



**लेखसार**

*‘दुई रुपियाँ नोट’ कथामा तत्कालीन पुरुषवादी सामन्ती पितृसत्तात्मक चिन्तन, चरित्र, संस्कार र तिनका व्यवहारको प्रतिनिधित्व गराई निरीह नारीजीवनका यथार्थलाई प्रस्तुत गरिएको छ । सर्वेक्षण, सूक्ष्म पठन तथा पाठको विषयविश्लेषणको विधि प्रयोग गरी समग्रमा विश्लेषणात्मक विधिमार्फत सामान्यीकृत निष्कर्ष प्रस्तुत गरिएको प्रस्तुत अध्ययनमा सांस्कृतिक अध्ययनको सिद्धान्तअन्तर्गत लैङ्गिक शक्तिसम्बन्धको खोजी र विश्लेषण गरिएको छ । तत्कालीन पितृसत्तात्मक सामन्ती चिन्तन र व्यवहार भएको पुरुषमुखी लैङ्गिक अन्तर्सम्बन्ध र पितृसत्ताकै केन्द्रमा निहित लैङ्गिक विचारधाराको प्रतिनिधित्व गराइएको यसमा वैरभावपूर्ण लैङ्गिक सम्बन्ध, नकारात्मक लैङ्गिक भूमिका, परम्परागत पितृसत्ता, यौनहिंसा र यौनआपराधीकरणको सजीव चित्रण गरिएको छ । निम्नवर्गीय पुरुष र नारी चरित्रका लैङ्गिक समस्याको मूल कारकका रूपमा पितृसत्तागत अहम् र दम्भ रहेको छ । प्रस्तुत लेखमा मानिसको प्राकृतिक लिङ्गका विपरीत सामाजिक, सांस्कृतिक र पारिवारिक आधारमा निर्मित विभेदकारी लैङ्गिक सम्बन्ध स्थापित भएको छ र त्यसले पारिवारिक र सामाजिक सत्ता पुरुषका हातमा सुम्पिएर असमान लैङ्गिक सम्बन्ध निर्माण गरेको कुरा निष्कर्षका रूपमा प्रस्तुत छ । यसमा तत्कालीन सामन्तवादी विमर्शात्मक संरचनामा उत्पादनका साधन, उपभोग, वितरण प्रणाली र श्रमको मूल्य निर्धारणमा सामन्तवादी चिन्तन र व्यवहारबाट दीक्षित पुरुषले नारीको सहभागिता शून्य गराएकाले तत्कालीन नारीहरूको अवस्था पुरुषाश्रित र अधीनस्थ बनेको देखाइएको छ । तत्कालीन सामन्ती उत्पादनसम्बन्धमा आधारित पितृसत्तात्मक समाजमा विद्यमान पुरुष वर्चस्व र अधीनस्थताको जर्जर अवस्था प्रस्तुत गरिएको यस कथाका सबै तथ्यहरू हेर्दा तत्कालीन समाजको लैङ्गिक अन्तर्सम्बन्ध अमानवीय, असन्तुलित र असमानतापूर्ण थियो भन्ने निष्कर्ष यस लेखमा प्रस्तुत गरिएको छ । यसमा तत्कालीन पितृसत्तात्मक संस्कार र चिन्तनयुक्त आर्थिक र सामाजिक संरचनाका कारणले पुरुषबाट नारीहरू चरम यौनशोषणमा परी शक्तिहीन र सीमान्तीकृत बनाइएको र पुरुषहरू यौनपिपासु बनी यौन सुखभोगमा लिप्त रहने विकृत अवस्था भएको निष्कर्ष प्रस्तुत गरिएको छ ।*



**शब्दकुञ्जी** : उत्पीडन, प्रभुत्व, वर्चस्व, लैङ्गिक शक्तिसम्बन्ध, विमर्शात्मक संरचना ।

## विषयपरिचय

नेपाली समाजमा विद्यमान मानवीय समस्या र खराबीका कारणबाट मानिसहरूले भोग्नुपर्ने दुर्नियतिलाई यथार्थ रूपमा आफ्ना कथामा उतार्ने रमेश विकल (१९८५-२०६५) ले २००६ सालबाट 'गरिब' कथामार्फत कथायात्रा प्रारम्भ गरेका हुन् । *बिरानो देशमा* (२०१६), *नयाँ सडकको गीत* (२०१९), *आज फेरि अर्को तन्ना फेरिन्छ* (२०२४), *एउटा बूढो भ्वाइलेन आशावरीको धुनमा* (२०२५), *उर्मिला भाउजु* (२०३५), *शव, सालिक र सहस्र बुद्ध* (२०४३), *हराएका कथाहरू* (२०५५) जस्ता कथासङ्ग्रहका स्रष्टा विकलले उपन्यास, निबन्ध आदि विधामा कलम चलाए तापनि कथा विधाबाट नै प्रसिद्धि प्राप्त गरेका हुन् । 'दुई रुपियाँ नोट' विकलको *नयाँ सडकको गीत* (२०१९) कथासङ्ग्रहमा सङ्गृहीत छ । सामाजिक यथार्थवादी कथाकारका रूपमा समेत प्रख्यात विकलले प्रस्तुत कथामा तत्कालीन नेपाली समाजमा विद्यमान आर्थिक, राजनीतिक, सामाजिक, जातीय आदि विविध पाटा तथा समस्याको उद्घाटन गरेका छन् । विकलको 'दुई रुपियाँ नोट' कथाको विभिन्न साहित्यिक दृष्टिकोणबाट अध्ययन गरिएको र गर्न सकिने भए तापनि यस लेखमा चाहिँ सांस्कृतिक अध्ययनको सिद्धान्त शक्तिसम्बन्धका आधारमा मुख्य पात्र पार्वतीमाथि भएको यौन उत्पीडनको विश्लेषण गरिएको छ ।

व्यक्तिको अस्तित्व नै उसको शक्ति हो । ज्ञान र सत्ताद्वारा शक्तिको निर्माण हुन्छ । शक्तिको प्रयोग प्रभुत्वशाली वर्गले समाजमा आफ्नो वर्चस्व कायम राख्नका लागि गर्दछ । शक्तिको केन्द्र व्यक्ति, जाति, समुदाय, लिङ्ग, वर्ग तथा राष्ट्रसमेत हुने गर्दछ । नेपाली समाजमा पनि वर्गीय, जातीय तथा लैङ्गिकजस्ता विभिन्न प्रकारका शक्तिहरू रहँदै आएका छन् । तीमध्ये शक्तिलाई व्यक्तिगत, जातिगत, वर्गगत, लिङ्गगत आदिका आधारमा विश्लेषण गरिन्छ । शक्तिकै केन्द्रका आधारमा समाजमा उच्च र शक्तिशाली वर्ग/जातको पुरुषले निम्न र कमजोर वर्ग/जातका नारीलाई उपेक्षा र अपहेलना गरेको देखिन्छ । समाजमा रहेका वर्ग, जाति, लिङ्ग, धर्म, संस्कृति तथा क्षेत्रीयताबिचको शक्तिको सम्बन्ध र सन्तुलन नै शक्तिसम्बन्ध हो । समाजका विभिन्न क्षेत्रमा महिला र पुरुषहरूका बिचको सम्बन्ध लैङ्गिक सम्बन्ध हो । लैङ्गिक शक्तिसम्बन्धले कृतिमा पुरुष र महिलाको सम्बन्ध, पुरुष र पुरुषको सम्बन्ध महिला र महिलाको सम्बन्ध र त्यसका लैङ्गिक विश्लेषण तथा लैङ्गिक विषय र लैङ्गिकताको खोजी गर्ने कार्य गर्दछ । यसले सामाजिक संरचनामा महिला वा पुरुषको उत्पीडनकारी सम्बन्धको अवस्थालाई देखाउँछ । कृतिभित्र नारीको मानसिक, शारीरिक, भौतिक अनुभूतिको प्रतिनिधित्व भएको छ कि छैन भन्ने कुराको खोजी यसले गर्दछ । यसले पितृसत्ताको नारीमाथिको उत्पीडनकारी व्यवहारलाई प्रस्तुत गर्दछ । विवाह, घरपरिवार, परिवारका सदस्यहरू, इष्टमित्र, नातासम्बन्ध, जाति, धर्म आदिका आधारमा लैङ्गिक सम्बन्ध प्रकट हुन्छ । समाजमा महिला र पुरुषले निर्वाह गर्ने भूमिकाका आधारमा लैङ्गिक सम्बन्ध फरक-फरक हुन्छ भने सामाजिक संस्था र कार्यस्थल, परिवार र नाता सम्बन्धसम्ममा पनि यस्तो भिन्नता पाइन्छ । यही सम्बन्धका कारण समाजमा नारी र पुरुषको पहिचान र स्वभाव झल्किन्छ । प्रस्तुत लेखमा सांस्कृतिक अध्ययनको शक्तिसम्बन्धसम्बन्धी अवधारणालाई मुख्य आधार बनाई रमेश विकलको *नयाँ सडकको गीत* कथासङ्ग्रहमा सङ्कलित 'दुई रुपियाँ नोट' कथालाई सोद्देश्य नमुना छनोट गरिएको छ र लैङ्गिक शक्तिसम्बन्धका आधारमा उक्त कथा के कस्तो छ भनी त्यसको वस्तुगत विश्लेषण गरी समस्याको प्राज्ञिक समाधानमा पुगिएको छ ।

## अध्ययनको विधि

रमेश विकलको *नयाँ सडकको गीत* (२०१९) कथासङ्ग्रहमा सङ्गृहीत 'दुई रुपियाँ नोट' कथामा निहित लैङ्गिक शक्तिसम्बन्धलाई ठम्याउनु नै प्रस्तुत अध्ययनको मुख्य विषय हो । प्रस्तुत अध्ययन पूर्णतः साहित्यिक र गुणात्मक भएकाले सामग्री सङ्कलनका लागि पुस्तकालयीय स्रोतको उपयोग गरिएको छ । सङ्कलित सामग्रीहरू प्राथमिक र द्वितीयक गरी दुई प्रकारका रहेका छन् । त्यसमध्ये विकलको कथा 'दुई रुपियाँ नोट' तथा ग्राम्ची, फुको, मिल्स र लुक्सका अवधारणाहरू प्राथमिक स्रोतको सामग्रीका रूपमा र शक्तिसम्बन्धसम्बन्धी अन्य सैद्धान्तिक अध्ययनलाई द्वितीयक सामग्री स्रोतका रूपमा उपयोग गरिएको छ। प्रस्तुत अध्ययनका लागि सङ्कलित सामग्रीको विषयविश्लेषण गर्ने सैद्धान्तिक पर्याधार सांस्कृतिक अध्ययनअन्तर्गत समेटिने शक्तिसम्बन्धसम्बन्धी ग्राम्ची, फुको, मिल्स र लुक्सका अवधारणाहरू हुन् । लैङ्गिक शक्तिसम्बन्धअन्तर्गत राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा बौद्धिकमध्ये कुनै पनि विचारधाराका माध्यमबाट शक्तिशाली उत्पीडनकारी सामन्ती पितृसत्ताले निम्नवर्गका निरीह र अबला नारीमाथि दमन र उत्पीडन गर्ने काम गर्छ । यसै सैद्धान्तिक अवधारणाका आधारमा निगमनात्मक विधिबाट सामग्रीको व्यवस्थापन गर्दै त्यसको अर्थापन गरिएको छ । समग्रतः यस लेखमा शक्तिसम्बन्धसम्बन्धी मान्यताका आधारमा विकलको 'दुई रुपियाँ नोट' कथालाई सोद्देश्य नमुना छनोट गरी लैङ्गिक शक्तिसम्बन्धका आधारमा वस्तुगत विश्लेषण गरी समस्याको प्राज्ञिक समाधानमा पुगिएको छ ।

## सैद्धान्तिक आधार

समाजमा रहेका वर्ग, जाति, लिङ्ग, धर्म, संस्कृति तथा क्षेत्रीयताबिचको शक्तिको सम्बन्ध र सन्तुलन नै शक्तिसम्बन्ध हो । ग्राम्चीको बल प्रयोग नगरी पनि समाजभित्रका विभिन्न समुदाय तथा वर्गलाई प्रभुत्वले बाँधेको हुन्छ भन्ने प्रभुत्वसम्बन्धी, फुकोको विमर्श, ज्ञान र शक्तिबाट नै शक्तिसम्बन्ध प्रस्तुत हुन्छ भन्ने शक्तिसम्बन्धसम्बन्धी, मिल्सको कुलीनहरूको शक्ति संरचनासम्बन्धी र लुक्सको शक्तिका तीन आयाम निर्णय गर्ने शक्ति, गैर-निर्णय शक्ति, र वैचारिक शक्तिसम्बन्धी मान्यताअन्तर्गत शक्तिसम्बन्धको अवधारणा प्रस्तुत भएको देखिन्छ ।

ग्राम्चीका अनुसार शासक वर्गले निम्नवर्गमाथि दमनकारी प्रभुत्व स्थापना गरी शासन गर्छ । प्रभुत्वले विचारधारामार्फत आफूअनुकूल संस्कार र चेतना निर्माण गरी मानिसमा आलोचनात्मक चेतना समाप्त पार्छ र उसले आफूमाथिको उत्पीडन तथा राज्यको शासनप्रणालीको दमनात्मक स्वरूपलाई वैधता प्रदान गर्छ (गिरी, २०७०, पृ. ३०) । राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा बौद्धिकमध्ये कुनै पनि विचारधाराका माध्यमबाट शक्तिशाली शासक वर्गले निम्नवर्गका जनतामाथि दमन गर्ने काम गर्छ भन्ने दृष्टिकोण नै ग्राम्चीको वर्चस्वसम्बन्धी मान्यता हो । प्रभुत्व त्यतिबेला प्राप्त हुन्छ जब उच्चवर्गले बौद्धिक र नैतिक नेतृत्व सिर्जना गरेर आर्थिक शक्ति प्राप्त गर्दछन् । यस्तो नेतृत्व प्राप्त गर्नका लागि श्रमजीवी वर्गसँग सहमति गरिन्छ र एउटा साझा मान्यताको विकास गरिन्छ (पाण्डेय, २०७३, पृ. ६४) । सहमतिले नागरिक समाजका मानिसलाई सङ्गठित र एकत्व बनाउँछ तर बल प्रयोगका कारणले राजनीतिक शक्तिलाई उत्तरदायी बनाउँछ । मानवीय दमनको मूल स्रोत नेतृत्वमा हुने र राजनीतिक वर्चस्वको मूल स्रोतका रूपमा सरकार हुने हुँदा सत्ताधारी वर्गले आफ्नो सत्तास्वार्थकै लागि पनि राजनीतिक नेतृत्वका रूपमा वर्चस्वको अभ्यास गर्ने गर्दछ (ग्राम्ची, सन् १९९६, पृ. ५७/५८) । यसरी प्रभुत्व भनेकै शासक हो र

शासक वर्गले शासित वर्गमाथि कसरी आफ्नो नियन्त्रण कायम गरी वर्चस्व स्थापना गर्छ भन्ने धारणा नै ग्राम्चीको मूल मान्यता हो ।

शासक वर्गले हिंसा वा बलका आधारमा राज्यका सबै पक्ष र विशेष गरी तल्लो वर्गलाई नियन्त्रण गर्न सक्दैन, त्यसका लागि उसले सहमतिका आधारहरू तयार पार्छ र सहमतिबाटै वर्गीय दमनलाई स्थिर र प्रभावकारी बनाउँछ भन्ने धारणा ग्राम्चीको छ । यसका लागि उसले सञ्चार, विद्यालय र परिवारका माध्यमहरूको उपयोग गर्छ । यसैलाई ग्राम्चीले प्रभुत्व भनेका छन् (भट्टराई, २०७०, पृ. ३४४) । ग्राम्चीका अनुसार प्रभुत्व एक किसिमको मानसिक दासता हो, जो मूलतः सत्तानिर्मित सांस्कृतिक संस्थाहरू र तिनका सम्प्रेषक वर्गहरूबाट प्राप्त हुन्छ (गिरी, २०७०, पृ. ३३) । ग्राम्चीका अनुसार जुनसुकै व्यक्ति, समुदाय वा निकायले आफ्नो प्रभुत्व कायम गर्न दमन वा सहमतिकै उपायको प्रयोग गर्छन् । फलस्वरूप प्रभुत्वशाली र प्रभुत्वमा आउन चाहनेका बिचमा सङ्घर्ष हुन्छ तर प्रभुत्व स्थायी हुँदैन । कुनै पनि समाजका व्यक्ति, वर्ग वा समूह सधैँभरि प्रभुत्वशाली हुन सक्दैनन् । जो प्रभुत्वशाली छ, उसको प्रभुत्व पनि सधैँभरि प्रभावशाली भइरहन सक्दैन । समाजमा एकै किसिमको प्रभुत्व स्थायी रूपमा रहन सक्दैन । यो अस्थायी हुन्छ (श्रेष्ठ, २०६८, पृ. ४० ) । यसरी शासक वर्गले पछाडि परेका/पारिएका समुदायको दमनका लागि कसरी नियम निर्माण गर्छन् र सांस्कृतिक मूल्य-मान्यताले कसरी आफ्नो वर्गको हितको रक्षा गर्छन् भन्ने कुरा नै प्रभुत्वको केन्द्रीय विषय बनेको देखिन्छ । उसले उत्पीडित वर्गमाथि प्रभुत्व कायम गर्नका लागि वैचारिक, शैक्षिक, धार्मिक, सांस्कृतिक रूपमा नै बढी जोड दिएको हुन्छ (चैतन्य, २०७०, पृ. १५८-५९) । यसरी हेर्दा सामन्तवादी सामाजिक संरचना विद्यमान भएको समाजमा उच्चवर्गको निम्नवर्गमाथि सबै प्रकारको शोषण रहेको हुन्छ ।

पुँजीवादी वर्गचरित्रको मान्यताअनुसार मानिसमा निहित सामान्य ज्ञान वैचारिक सङ्घर्षको सबैभन्दा महत्त्वपूर्ण स्थल हो (बार्कर, सन् २०१७, पृ. ७६) । विमर्शले ज्ञानलाई परिभाषित र उत्पादन पनि गर्छ । मानवीय भाषिक व्यवहार र सामाजिक व्यवहारका बौद्धिक, तार्किक, अभ्यास, ज्ञानात्मक स्वरूप, भाषिक व्यवहार, विचार, मान्यता आदि विविध क्रियाकलापहरूले समाजमा एक प्रकारको विमर्श निर्माण गर्छन् । फुकोका अनुसार शक्तिले 'साङ्लोको रूपमा काम गर्दैन', यो प्रवाहित हुन्छ । यसलाई एउटा मात्र केन्द्रले एकाधिकारका साथ प्रयोग गर्दैन । यो 'लागु गरिन्छ र जालो जस्ता संस्थाहरूमार्फत अभ्यासमा ल्याइन्छ' (फुको, सन् १९८०, पृ. ९८) । यसको अर्थ हामी पनि केही हदसम्म शक्तिको प्रवाहमा समेटिएका छौँ । हामी दमनकारी र दमित दुवै हौँ । शक्तिसम्बन्धहरूले सबै वर्ग, जाति, लिङ्ग, अवधारणा, विचार, मान्यता जस्ता सामाजिक अस्तित्वका तहहरूमा काम गरिरहेका हुन्छन् । तसर्थ तिनीहरू सामाजिक जीवनका सबै क्षेत्रहरूमा काम गरिरहेका भेटिन्छन्, चाहे त्यो वर्ग, परिवार वा यौनिकता जस्तो निजी क्षेत्रमा होस् चाहे राजनीति, अर्थतन्त्र र कानुन जस्ता सार्वजनिक क्षेत्रमा होस् (हल, सन् १९९७, पृ. ३३/३६) । त्यसका अतिरिक्त शक्ति आफूले नियन्त्रण गर्न खोजेको कुरालाई दबाउने किसिमको नकारात्मक मात्र हुँदैन । यो उत्पादक पनि हुन्छ । यसलाई पूरै सामाजिक संरचनामार्फत सञ्चालित उत्पादनशील सञ्जालको रूपमा बुझ्नुपर्छ (फुको सन् १९८०, पृ. ५०, ११९) । यसरी फुकोले विमर्शबाट सबै कुराको प्रतिनिधित्व हुने कुरा उल्लेख गरेका छन् । फुकोका विचारमा शक्ति एउटा क्षमता वा वस्तु होइन जो कुनै व्यक्ति वा संस्थामा निहित हुन्छ । यो त व्यक्तिहरूबिचको सम्बन्धको परिणाम मात्र हो र यसको अस्तित्व त्यतिबेला मात्र हुन्छ जतिबेला यसको अभ्यास गरिन्छ (पौडेल, २०७०, पृ. ९४) । यसरी

समाजमा शक्तिको प्रयोगको अवस्था एउटा पिरामिड जस्तै तलसम्म प्रवाहित भइरहन्छ भन्ने मान्यता देखिन्छ ।

मिल्सले संयुक्त राज्यमा रहेका कुलीनहरूको शक्ति संरचनाहरूको विश्लेषण गरेका छन् । उनले राजनीतिक, आर्थिक र सैन्य अभिजात वर्गहरूबिचको अन्तरसम्बन्ध केलाएका छन् । मिल्सका अनुसार शक्ति अभिजात वर्ग ती हुन् जसले प्रभुत्वशाली देशका तीन स्तम्भ संस्थाहरू (राज्य सुरक्षा, आर्थिक र राजनीतिक) मा प्रमुख पदहरू ओगटेका हुन्छन् । अभिजात वर्गका निर्णयहरूले परम्परागत कृषि र शिल्प अर्थतन्त्रलाई प्रतिस्थापन गरेको हुन्छ । उनीहरूले शक्ति एकीकृत गर्दै प्रत्येक सामाजिक संरचनाको प्रत्येक एकाइमा प्रवेश गरी नोकरशाही तन्त्र लाद्ने काम गर्छन् । निम्नवर्गमाथि राजनीतिक, आर्थिक र सैन्य प्रतिष्ठान सबै क्षेत्रमा दमनको डन्डा बर्साउँछन् (मिल्स, सन् १९५६, पृ. ५/७) । लुक्सले शक्तिका तीन आयामहरू प्रस्तुत गरेका छन् । ती हुन् : निर्णय गर्ने शक्ति, गैर-निर्णय शक्ति र वैचारिक शक्ति । निर्णय गर्ने शक्ति सार्वजनिक हो । यो राजनीतिक कार्यमार्फत प्रकट हुने नीति प्राथमिकताहरूमा केन्द्रित छ । गैर-निर्णय गर्ने शक्ति त्यो हो जसले बहसहरूमा एजेन्डा सेट गर्दछ र निश्चित मुद्दाहरूको वैधता सार्वजनिक फोरमहरूमा छलफलका लागि अस्वीकार्य बनाउँछ । वैचारिक शक्तिले मानिसहरूको इच्छा र विचारहरूलाई प्रभाव पार्न अनुमति दिन्छ । उनीहरूलाई तिनीहरूको आफ्नै स्वार्थको विरुद्धमा चिजहरू चाहन्छन् (लुक्स, सन् १९७४, पृ. १५/२५) । यसरी लुक्सका अनुसार निर्णय गर्ने शक्ति, गैर-निर्णय शक्ति र वैचारिक शक्तिका केन्द्रबाट वर्गीय सम्बन्धको खोजी गरिन्छ । त्यसैले शक्ति भन्नासाथ ज्ञान आउँछ, ज्ञान भन्नासाथ शक्ति यी दुईमध्ये एकले अर्कोलाई डोऱ्याएको हुन्छ (गौतम, २०७१, पृ.११६) । शक्तिकै कारण महिला र पुरुषको सङ्घर्ष हुन्छ र भिन्न सामाजिक परिचय बन्छ । यसरी समाजमा महिला र पुरुषको प्रतिनिधित्व कसरी भएको छ, समाजले महिला र पुरुषलाई कस्तो भूमिका प्रदान गरेको छ भन्ने विषयको अध्ययन यसमा गरिन्छ ।

साहित्यमा कृतिभित्र नारी र पुरुषको स्वाभाविक प्रतिनिधित्व भएको छ कि छैन भन्ने विषयको खोजी नै लैङ्गिक शक्तिसम्बन्ध हो । लिङ्गबोधका दृष्टिले व्यक्तिका अनुभवजन्य भावना समान किसिमका हुने भएकाले स्त्री चरित्रले स्त्रीसित र पुरुष चरित्रले पुरुषसित सामाजिक सम्बन्ध कायम गर्छन् (पौड्याल, २०७६, पृ. ४५) । नारीले पुरुषलाई र पुरुषले नारीलाई हेर्ने अवधारणा, नारी पात्रको सामाजिक स्थान, सम्मान, नारीप्रतिको धारणा, समाजले तय गरेका नारीका जिम्मेवारी, नारी-नारीका बिचको सम्बन्ध, नारी र पुरुषका बिचको सम्बन्ध आदि सन्दर्भहरू लैङ्गिक शक्तिसम्बन्धअन्तर्गत आउँछन् । नेपाली समाज पुरुषप्रधान भएकाले महिलाको स्थान कमजोर र पुरुषको स्थान शक्तिशाली भएको देखिन्छ । शक्तिको प्रभुत्वभन्दा टाढा कोही पनि जान सक्दैन । एउट शक्तिशाली व्यक्ति, जाति, लिङ्ग, समुदाय, वर्ग, राष्ट्र आदिले अर्को व्यक्ति, जाति, समुदाय, लिङ्ग, वर्ग वा राष्ट्रलाई समाप्त पार्न अनेक षड्यन्त्र रचेका हुन्छन् । शक्तिको अभ्यास युद्ध, राजनीति, अफिस, स्कुल वा पारिवारिक एकाइभित्र पनि हुन्छ (उप्रेती, २०६८, पृ. ४२) । लैङ्गिक शक्तिसम्बन्धको खोजी गर्दा उपेक्षित, दमित, उत्पीडित, सीमान्तीकृत जाति, वर्ग, लिङ्ग, क्षेत्र, समय, विचारधारा, संस्कृति आदिलाई विशेष महत्त्व दिइन्छ । लैङ्गिक शक्तिसम्बन्धले समाज र संस्कृतिबाट निर्मित पुरुष र महिलाबिचको सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक तथा मनोवैज्ञानिक भूमिका र अवस्थालाई जनाउँछ (खनाल, २०७५, पृ. १) । लैङ्गिक दमन र हिंसा, पुरुषबाट महिलामाथि हुने यौनिक व्यवहार, विचारधारा, पहिचान, प्रतिनिधित्व आदिको विश्लेषण लैङ्गिक शक्तिसम्बन्धअन्तर्गत गर्न सकिन्छ (भट्टराई, २०६८, पृ. २६१) । लिङ्ग प्रकृतिबाट निर्मित हुन्छ भने लैङ्गिकता समाजबाट निर्मित हुन्छ । त्यसैले लैङ्गिकता कृत्रिम कुरा हो । प्रत्येक समाजमा

रहेका व्यक्तिहरूलाई जब जैविकीय रूपमा महिला र पुरुष भनेर सम्बोधन गरिन्छ भने त्यसलाई लिङ्ग भनिन्छ । लिङ्ग छुट्याउने आधार पनि सबै समाजमा एकै किसिमको हुन्छ (आचार्य, २०७४, पृ. २) । लिङ्ग सार्वभौमिक र जैविक विषय हो भने लैङ्गिकता सामाजिक-सांस्कृतिक सन्दर्भमा निर्मित विषय हो । समाजले महिला र पुरुषका बिचमा निर्धारित गरेका मूल्यमान्यता, अवधारणा, संस्कार, व्यवहार आदिको समष्टि रूप नै लैङ्गिक शक्तिसम्बन्ध हो । यसले नारी र पुरुषको भूमिकालाई सामाजिक-सांस्कृतिक सन्दर्भबाट हेर्दछ (भट्टराई, २०७७, पृ. १०६) । यस प्रकार लैङ्गिक शक्तिसम्बन्धले कुनै पनि कृतिभित्र नारीको मानसिक, शारीरिक, भौतिक अनुभूतिको प्रतिनिधित्व भएको छ कि छैन भन्ने कुराको खोजी गर्दै पितृसत्ताको नारीमाथिको उत्पीडनकारी व्यवहारलाई प्रस्तुत गर्दछ ।

## विमर्श र नतिजा

प्रस्तुत लेखमा रमेश विकलको *नयाँ सडकको गीत* (२०१९) कथासङ्ग्रहमा सङ्कलित सोद्देश्य नमुना छनोट गरिएको 'दुई रुपियाँ नोट' कथामा निहित पुरुष र नारीबिचको अमानवीय, असन्तुलित, असमानतामूलक र शत्रुतापूर्ण पारिवारिक र अन्तःपारिवारिक लैङ्गिक शक्तिसम्बन्धको खोजी र विश्लेषण गरिएको छ। लैङ्गिक असमानता, परम्परागत पितृसत्तात्मक सामन्तवादी पुरुषवादी वर्चस्व र अधीनस्थता, नारीका दीनहीनता र पुँजीवादी चरित्रका कारण उत्पीडित असहाय र अबला नारी समुदायले भोग्नुपरेका सास्ती तथा त्यसबाट उत्पन्न कारुणिक जीवनदशालाई विश्लेष्य कथामा निष्कर्षका रूपमा प्रस्तुत गरिएको छ। यस कथामा तत्कालीन विमर्शात्मक संरचनामा शक्तिका स्रोतबाट वञ्चित, उपेक्षित र अधीनस्थ निम्नवर्गीय उत्पीडित नारी समुदायको प्रतिनिधित्व गराइएको छ। ज्ञान र शक्तिबाट विमुख गराएर, आर्थिक रूपमा माथि उठ्न नदिएर, आफूअनुकूल सामाजिक मूल्य खडा गरेर तथा शक्ति र श्रमलाई अवमूल्यन गरी निम्नवर्गका नारीलाई सधैं समस्यामा पारेर कथित पितृसत्ताले अबला नारीमाथि अन्याय, अत्याचार, शोषण र दमन गरेको हुन्छ। यस लेखमा सोद्देश्य नमुना छनोट गरिएको 'दुई रुपियाँ नोट' कथामा प्रस्तुत लैङ्गिक शक्तिसम्बन्धको विश्लेषण गरिएको छ। यस क्रममा लैङ्गिक शक्तिसम्बन्धअन्तर्गतका विविध स्वरूपमध्ये लैङ्गिक अन्तर्सम्बन्ध, पितृसत्ता र लैङ्गिक हिंसा तथा लैङ्गिक विभेद, शोषण, दमन र उत्पीडनका कोणबाट विश्लेषण गरिएको छ।

### लैङ्गिक अन्तःसम्बन्ध

समाजका विभिन्न क्षेत्रमा महिला र पुरुषहरूका बिचको सम्बन्ध लैङ्गिक अन्तःसम्बन्ध हो । विवाह, घरपरिवार, परिवारका सदस्यहरू, इष्टमित्र, नातासम्बन्ध, जाति, धर्म आदिका आधारमा लैङ्गिक अन्तःसम्बन्ध प्रकट हुन्छ । तत्कालीन सामन्तवादी नेपाली समाजमा पितृसत्ताका कारण नारीहरू जीवनका सबै पक्षबाट तिरस्कृत, उपेक्षित, अपमानित र शोषित भएको अवस्था विद्यमान रहेको देखिन्छ । पुरुषले नारीमाथि प्रभुत्व र अधीनस्थता कायम गरी आफ्नो स्वार्थपूर्ति गर्नु सामन्ती समाजको तत्कालीन विमर्श बनेको देखिन्छ । (पोखरेल, २०८०, पृ. २७१) । 'दुई रुपियाँ नोट' कथामा निम्नवर्गीय परिवारका पीडा र छटपटीलाई प्रस्तुत गरिएको छ। पुरुषका घरायसी, सामाजिक, यौनिक, शारीरिक, मानसिक र आर्थिक हिंसाजन्य व्यवहार खप्नुपरेको र त्यसबाट पशुवत् जीवन जिउन बाध्य निम्नवर्गीय नारी पार्वतीको विद्रूप अवस्थालाई यस कथामा सशक्त ढङ्गले चित्रण गरिएको छ। यस कथामा वीरे र पार्वती निम्नवर्गीय आर्थिक अवस्थाका मजदुर दम्पती हुन् । उनीहरू आफ्ना दुई सन्तानसहित एउटा छाप्रोमा अभावग्रस्त जीवन व्यतीत गरिरहेका छन् । सहरिया

जीवन कष्टकर बनेपछि र गाँसबासको समस्या भएपछि वीरेले आफ्नी सुन्दरी पत्नी पार्वतीको शरीर बेचेर घरखर्च चलाउन उसलाई दबाब दिएको छ। देहव्यापार जस्तो अनैतिक कार्यमा लाग्न अस्वीकार गर्दा ऊमाथि लोग्नेले चरम मानसिक र शारीरिक यातना दिएको छ। गाउँका बटु, साहुका आवारा छोराहरू, किस्ने आठपरिया, जमदार, कुल्ली, ड्राइभर, भरिया, घसिटु राम, माडवारी, भरिया नाइके आदिबाट आफ्नै लोग्ने वीरेको स्वीकृतिमा पत्नी पार्वती चरम यौनशोषणमा परेकी छे। तत्कालीन पितृसत्ताको त्यस प्रकारको विकृत, कुरूप र उत्पीडनकारी बर्बर दमनको पार्वतीले प्रतिवाद गर्न सक्तिन र आफ्नो अस्मिता लुटाउँछे। उसलाई यौनपिपासुहरूको कुरा सुनेर लोग्ने वीरेले शरीर बेचेर प्राप्त रकमबाट जीवन निर्वाह गर्ने र काम पाइने आश्वासन दिई यौनकार्यमा प्रवृत्त गराएको छ। ऊ बोलेर पनि, नबोलेर पनि, आफ्नो अस्मिताको रक्षा गर्न चाहेर पनि, नचाहेर पनि उत्पीडनकारी पितृसत्ताकै उत्पीडनको सिकार बनेकी छे। लोग्नेसहित अन्य पुरुषको चौतर्फी हिंस्रक र बर्बर आक्रमणबाट उसको प्रतिरोधी सामर्थ्य समाप्त भएको देखिन्छ। यस कथामा पार्वती र वीरेबिचको पतिपत्नीगत सम्बन्ध लैङ्गिक दृष्टिले पितृसत्तात्मक छ र त्यो अधीनस्थ प्रकृतिको छ। यी दुईको लैङ्गिक सम्बन्धमा चर्को लैङ्गिक उत्पीडनको अवस्था देखिन्छ। उनीहरूबिच अधीनता र अधीनस्थताको सम्बन्ध रहेको र अन्त्यतिर त्यो सम्बन्ध खण्डित भएको छ।

प्रस्तुत कथामा नारी र पुरुषबिचको पारिवारिक र अन्तःपारिवारिक लैङ्गिक सम्बन्ध रहेको छ। कथामा वीरे, पार्वती तथा दुई बालबालिकाबिचको सम्बन्ध पारिवारिक हो भने उनीहरूबिच पति, पत्नी र छोराछोरी तथा आमाबाबुको पारिवारिक नाता रहेको छ। वीरे र पार्वती लोग्नेस्वास्नी हुन्। उनीहरूका दुई जना ससाना छोराछोरी छन्। यस कथामा पार्वतीको यौनशोषण गर्न लोग्ने वीरेले ल्याएका यौनपिपासु पुरुषहरू, टोलका आवारा केटाहरू, साहुका छोराहरू, घसिटु राम, माडवारी, भरिया नाइके आदि पात्रहरूसँग वीरे र पार्वतीको अन्तरपारिवारिक–सामाजिक लैङ्गिक अन्तर्सम्बन्ध रहेको छ। भरिया नाइकेले पार्वतीलाई आफ्नो अतृप्त कामबासना तृप्त पार्ने मनोरञ्जन र विलासिताका सामग्रीका रूपमा पार्वतीलाई उपभोग गर्दै थोरै पैसाको लोभमा उसको शरीरसँग खेलेको छ। यसबाट पार्वतीसँग भरिया नाइकेको यौनपिपासुजन्य असमान प्रकृतिको अमानवीय र हिंस्रक लैङ्गिक अन्तर्सम्बन्ध रहेको देखिन्छ। यहाँ भरिया नाइकेको लैङ्गिक सम्बन्ध अनेक प्रलोभनमा पारेर चरम यौनशोषण गर्ने प्रकृतिको रहेको छ। भरिया नाइकेमा व्याप्त पितृसत्तात्मक हिंस्रक कुसंस्कार र चेतनाका कारण उसले परस्त्री पार्वतीमाथि पटकपटक यौनशोषण गरेको छ। यस कथामा आएका अन्य पुरुष पात्रहरू आवारा केटाहरू, कुल्ली, ड्राइभर, साहुका छोराहरू, घसिटु राम, मारवाडी आदि पनि पितृसत्तात्मक हिंस्रक मनोवृत्तिका पात्रहरू हुन्। उनीहरूमा पनि वीरेकी पत्नी पार्वतीको यौवन लुट्ने र यौनसन्तुष्टि पूरा गर्ने तीव्र चाहना रहेको छ। यसरी हेर्दा तत्कालीन सामन्ती उत्पादनसम्बन्धमा आधारित सामन्ती पुरुषप्रधान पितृसत्तात्मक विमर्शात्मक संरचना भएको त्यस समाजमा आवारा केटादेखि साहुसम्म सबै पुरुषले वीरेकी सोझी पत्नी पार्वतीको चरम यौनशोषण गरेको तथ्य यस कथामा प्रस्तुत छ। यसर्थ पार्वतीसँगको उनीहरूको लैङ्गिक अन्तर्सम्बन्ध उत्पीडनकारी, यौनपिपासुजन्य र हिंस्रक प्रकृतिको रहेको देखिन्छ।

प्रस्ततु कथामा वीरे र पार्वतीबिच पारिवारिक र पतिपत्नीगत सम्बन्ध रहे तापनि वीरेले पत्नी पार्वतीलाई मायालु पारिवारिक पत्नी/श्रीमतीका रूपमा हेरेको छैन। उसले पत्नीलाई भोग्या स्त्री र दासीका रूपमा हेरेको छ। पत्नीले अरू पुरुषहरूको यौन सन्तुष्टि पूरा गरिदिएर केही रकम कमाओस् भन्ने उसको चाहना रहेको छ। ऊ पल्ला घरकी बाटुलीको उदाहरण दिँदै पार्वतीलाई

देहव्यापारमा लाग्न जबर्जस्ती बाध्य बनाउँछ, जसबाट आएको रकमले गर्जो टरोस्। पत्नीमाथिको उसको यौनहिंसाजन्य शोषणको सम्बन्धलाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> तँ बुझ्दिनस्, कति मुस्किल छ अचेल काम खोज्न।" ... "के गर्छेस् सबै त्यसै गर्छन्। यहाँ कसले आफ्नो पुरुषार्थले खान पाउँछ र ? .. सबै तँलाई हेर्छन्, सबै त्यसै गर्छन् किस्ने आठपरिया, जमदार पनि। तँलाई थाहै छ, यहाँ कतिलाई रिझाउनु पर्छ, काम पाउन। ... कि त स्वास्नी चाहिन्छ। ... हेर अब खालि तेरै एउटा बाटो छ। (पृ. ६९)

प्रस्तुत कथांशमा काम पाउन र पेट पाल्न पनि तत्कालीन सामन्ती समाजमा गरिब नारीहरू आफ्नो अस्तित्व बेच्न आफ्नै लोग्नेका कारण बाध्य हुनुपर्ने तथ्यलाई देखाइएको छ। बल र मानसिक आवेगका माध्यमबाट वीरे पार्वतीलाई देहव्यापारमा संलग्न गराउँछ। उसले आफ्नी पत्नीको रूपसौन्दर्यको चरम दुरुपयोग गर्दै परपुरुषको यौनसन्तुष्टि लिने साधन बनाएको छ। यसबाट वीरे र पार्वतीबिच पतिपत्नीको पारिवारिक सम्बन्ध अनुकूल, सहज र मित्रवत् देखिँदैन। यहाँ नारी चरित्र पार्वतीको पतिबाट उपेक्षित, अपहेलित, उत्पीडित र सीमान्तीकृत लैङ्गिक सम्बन्ध रहेको छ।

'दुई रुपियाँ नोट' कथामा पितृसत्तात्मक पारिवारिक र सामाजिक संरचनाका कारण उत्पीडित नारीको प्रतिनिधित्व रहेको छ। यस कथाकी मुख्य नारी पात्र पार्वती परम्परागत सामन्ती पितृसत्ताबाट शोषित र यौनहिंसामा परेकी पात्र हो। उसमाथि लोग्ने वीरेले सबै प्रकारका ज्यादती र अत्याचार गरेको छ। कथामा पार्वतीमाथिको लोग्नेको अत्याचारलाई यसरी प्रस्तुत गरिएको छ :

> दिनप्रतिदिन वीरेको क्रोधको मात्रा झन्झन् बढ्न थालेको थियो। घसिटुराम मारवाडीकहाँ छुटेदेखि त पार्वतीलाई टिक्न पनि मुस्किल परिसकेको थियो। "यही राँडले गर्दा हो, भएको छँदाखाँदाको काम छुटेको।" ऊ पार्वतीमाथि खनिन्थ्यो। उसको विचारमा घसिटुराम ऊसँग रिसाउनुको मुख्य कारण पार्वती, उसको बल्दो रूप नै थियो। वीरे यही भावनालाई मनमा खेलाएर दिनभर भारीको खोजीको निहुँमा यता र उता भौँतारिन्थ्यो। अनि आधारात ढल्केपछि ठेगानामा खुट्टा नटेकी डेरामा आउँथ्यो र हल्ला मचाएर त्यो गल्लीमा आँधी सृष्टि गरिदिन्थ्यो। (पृ.६८)

प्रस्तुत कथांशमा आफ्नो अस्मिता र लैङ्गिक स्वतन्त्रताको उपभोग गर्न नपाएकी पार्वती लोग्ने वीरेबाट भौतिक, शारीरिक र मानसिक यातना पाएकी उत्पीडित निम्नवर्गीय असहाय पात्रका रूपमा देखिन्छे। लोग्नेले पिट्दै र गाली गर्दै परपुरुषको यौनचाहना पूरा गर्ने साधन बनाए तापनि उसले कुनै प्रतिवाद गर्न सकेकी छैन। ऊ लोग्नेको मानसिक यातना सहेर बस्न बाध्य छे। लोग्नेका कारण उसका सबै चाहना कुण्ठित भएका छन्। पुरुषको पितृसत्तात्मक वर्चस्व र अधीनस्थताका अगाडि ऊ निरीह बनेकी छे र आफ्नो शरीर परपुरुषलाई सुम्पिएकी छे। कथामा लोग्नेले उसलाई परपुरुषसँग शरीर सुम्पन आग्रह गरेको छ। वीरे भन्छ : "...अनि एकछिन सुस्ताएर ऊ फेरि भन्थ्यो- "अस्ति मसँग आएको त्यो भन्सारको भरिया नाइके हो। मोरो ख्याल टिमुर्केको छैन ?... तर त्यसलाई हात लिन सकियो भने त के गर्छेस् ?" (पृ. ६९)। यहाँ तत्कालीन सामन्ती आर्थिक संस्कृति र पितृसत्तात्मक अधीनस्थ संस्कृतिले गर्दा नै पार्वती कुल्ली, ड्राइभरदेखि सबै आवारा केटाहरूको यौनशोषणको माध्यम बन्न पुगेकी हो। उसको स्वाभाविक पहिचान र अस्तित्वमाथि तत्कालीन सामन्ती पितृसत्तात्मक प्रहार तीव्र रहेको छ। सामन्ती पितृसत्ताका प्रतिनिधि आफ्नो लोग्ने वीरे, भरिया नाइके, कुल्ली, ड्राइभर, माडवारी आदिबाट बाह्रैमास लुटिनु पार्वतीको सीमान्तता र

शक्तिहीनता हो । यहाँ उसँगको पुरुषको पितृसत्तात्मक उत्पीडनकारी सम्बन्ध प्रबल रहेको देखिन्छ । यही सम्बन्धका कारण पार्वती यौनहिंसा र यौनशोषणको आहालमा डुबेकी छे ।

प्रस्तुत कथामा विवाहपछि पतिआश्रित बनेकी पार्वतीमाथि लोग्नेले चरम यातना दिएको छ । यहाँ पार्वती परम्परागत पत्नीकै रूपमा रहेकी छ । उसले लोग्नेको ज्यादतीविरुद्ध कुनै प्रतिरोध गर्न सकेकी छैन । यस कथामा नारी र पुरुषबिचको विषम लैङ्गिक सम्बन्ध रहेको छ र त्यसबाट सामन्ती पितृसत्ताको वर्चस्व स्थापना भएको देखिन्छ । यस कथाको लैङ्गिक सम्बन्ध खास गरी पुरुषकेन्द्री र परिवारकेन्द्री रहेको छ । पुरुषलाई कुनै पनि काम छनोटको अधिकार हुने तर नारीलाई त्यो अवसर नहुने तत्कालीन सामन्ती पितृसत्तात्मक सामाजिक संरचनाको मूल चरित्र हो र त्यही उत्पीडनकारी चरित्रका कारण पार्वती लैङ्गिक विभेदमा परेकी छे ।

### पितृसत्ता र लैङ्गिक हिंसा

पितृसत्ता त्यस्तो अवधारणा हो, जसमा सामाजिक, आर्थिक, राजनीतिक, प्रशासनिक, सांस्कृतिक आदि सबै तह तथा क्षेत्रमा महिलामाथि पुरुषको प्रभुत्व रहन्छ । पितृसत्ता र लैङ्गिक हिंसाअन्तर्गत पितृसत्तात्मक सोच, चिन्तन र व्यवहारद्वारा ग्रसित पुरुष र नारीले नारी र पुरुषमाथि हुने गरेका र भएका सबै खाले हिंसाको अध्ययन गरिन्छ । 'दुई रुपियाँ नोट' कथामा मुख्य नारी पात्र पार्वती र मुख्य पुरुष पात्र वीरे पत्नी र पतिको भूमिकामा प्रस्तुत भएका पात्र हुन् । निम्नवर्गीय आर्थिक सम्बन्धबाट उत्पीडित उनीहरू कष्टप्रद जीवन व्यतीत गर्न विवश छन् । निम्नवर्गीय आर्थिक अवस्थाकै कारण उनीहरूबिचमा बेमेलको अवस्था सिर्जना भएको छ । पार्वतीमाथि वीरेले पितृसत्ताको अहङ्कार र दम्भ मात्र गरेको छैन, चरम शारीरिक, मानसिक र भौतिक हिंसासमेत गरेको छ । जीविकोपार्जनका नाममा वीरेले पत्नी पार्वतीको शरीर परपुरुषलाई बेचेको छ । यसरी पितृसत्तात्मक तत्कालीन सामन्ती समाजमा अवशिष्ट समाजको शक्ति र सत्ता हातमा लिएको पुरुषका अकर्मण्यता, दबाब र शक्तिको चरम दुरुपयोगबाट नारीहरू शक्तिहीन र सीमान्तीकृत अवस्थामा पुऱ्याई नचाहँदानचाहँदै पनि शरीर बेच्न विवश बन्नुपरेको मार्मिक तर कारुणिक सन्दर्भलाई प्रस्तुत गरिएको छ । पितृसत्तात्मक सामन्ती समाजमा पुरुषहरू हिंस्रक र यौनपिपासु हुन्छन् । यौनचाहना उनीहरूका लागि विलासिता बन्ने गर्छ । सुन्दरी नारीमाथि उनीहरू गिद्देनजर लगाई यौनशोषणका निम्ति प्रयासरत हुन्छन् । यहाँ वीरेकी पत्नी पार्वती शारीरिक सौन्दर्यले पूर्ण भएका कारण टोलका आवारा, कुल्ली, ड्राइभरदेखि साहुसम्म उसका अघिपछि लागेका छन् । गरिब र शक्तिहीन नारी भएकैले र प्रतिवाद गर्न नसकेकै कारण उसका अघिपछि पुरुषहरू मरिमेटेर कामुकताका साथ लागेको सन्दर्भलाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> गल्लीका आवाराहरू आफ्नो कामुक ठट्टा र अश्लील चेष्टाद्वारा आफ्नो मनको कुभावनाको दुर्गन्ध त्यो गल्लीको वायुमण्डलमा छर्दै हरबखत भनेझैँ उसको वरिपरि लठारिरहन्थे । कुनै सस्तो फिल्मी गीतको घृणित सङ्केतले उसलाई कोट्याउँदथे, कुनै घीनलाग्दा उखान, छिल्लिएका टुक्का लिएर ऊसम्म पुग्ने दाउ गर्दथे । (पृ. ६३)

प्रस्तुत कथांशमा सीमान्तीकृत शक्तिहीन नारी पार्वतीमाथि यौनपिपासु तमाम आवारा तथा पुरुषहरू यौनशोषणका दृष्टिले आउनु र नारी अस्मितामाथिको उत्पीडनमा अग्रसर हुनु तत्कालीन पितृसत्तात्मक सामन्ती समाजको परिणाम हो भन्ने मान्यतालाई देखाइएको छ । सामन्ती आर्थिक संस्कृतिका साथै पितृसत्तात्मक संस्कृतिकै कारण पार्वती आवारा पुरुषहरूको यौनहिंसामा पर्नुपरेको छ । ऊ आफ्नो विवेकसम्मत निर्णयको बन्धक बन्न विवश छे ।

प्रस्तुत कथामा स्वयम् आफ्नो लोग्ने वीरेबाट पनि पार्वती चरम हिंसामा परेकी छे। यहाँ लोग्ने वीरेका अक्षमता, विवेकशून्यता, अकर्मण्यता र घृणित विचार पार्वतीले नै बोक्नुपरेको छ। सहरी वातावरणमा परिवारको पेट भर्न धौधौ भएपछि वीरेले पार्वतीलाई जबरजस्ती देहव्यापारमा संलग्न गराएको छ। पार्वतीमाथिको लोग्ने वीरेको पितृसत्तात्मक प्रभुत्व, वर्चस्व, अधीनस्थता र यौनहिंसालाई यसरी प्रस्तुत गरिएको छ :

> कैयौँपटक बेलुकी घर फर्कंदा बटु, इन्द्रचोकका साहुका आवारा छोराहरूसँगै ल्याएर पार्वतीसँग कामुक ठट्टा गर्न उसले पुऱ्याएको थियो। दुईचार दुईचार दिनमा ऊ आफ्नो त्यो सानो छिँडीमा चारैतिरबाट भरिया, कुल्ली, ड्राइभर, साहुका बिग्रेका छोराहरू ल्याएर उनीहरूबाट रक्सी, राँगाको मासु र मासको बाह्राको ज्याफत उडाउँथ्यो। (पृ. ६४) ... तेरा बाबुहरूसँग दुई-चार मीठा कुरा, हाँस-ख्याल-ठट्टा गर्दैमा तेरो मुख खिइन्थ्यो कि राँड ... बडी सत्तेसावित्री भएकी लखते। (पृ. ६५)

प्रस्तुत कथांशमा परिवार आर्थिक सङ्कटबाट गुज्रिएपछि वीरेले त्यसको समाधानका लागि पत्नी पार्वतीको शरीर बेच्न अनेक खालका पुरुषहरू जम्मा गरेको सन्दर्भ छ। पार्वतीले आफ्नो लोग्नेको चरम ज्यादती र हिंसा खप्नुपरेको छ। पुरुषका घृणित कुकृत्यका अगाडि ऊ निरीह बन्नुपरेको छ। काम, दाम र माम पाउनका लागि वीरेले पत्नीमाथि जबरजस्ती लैङ्गिक हिंसा गरेको छ। तत्कालीन सामन्ती उत्पादनसम्बन्धमा आधारित पितृसत्तात्मक समाजमा पार्वतीजस्ता निम्नवर्गीय असहाय नारीको शरीर र अस्मितामाथिको अधिकार सुरक्षित नभएको तथ्यलाई यस कथाले राम्रैसँग उजागर गरेको छ।

प्रस्तुत कथामा पितृसत्ताको भोगवादी चिन्तन र व्यवहारका अगाडि पार्वती निरीह साबित भएकी छे। लोग्ने तथा अन्य पुरुषहरूले जतिसुकै अत्याचार गरे तापनि उनीहरूका विरुद्ध कुनै भावना जागृत नहुनु, दबिएर बसिरहनु र पुरुषका यौनशोषण भोगेर बसिरहनु उसमा परेको पितृसत्तात्मक संस्कार र मानसिकताको छाप हो। यो पितृसत्ताले थोपरेको अन्यायपूर्ण र विभेदकारी परम्परित मानसिकताको उपज हो। कथामा बटु, इन्द्रचोकका साहुका आवारा छोरा, कुल्ली, ड्राइभर, भरिया नाइके, घसिटु राम, मारवाडी, आठपरिया, जमदार, किस्ने आदि सबैले पार्वतीकै यौनशोषण गरेका छन्। यी पुरुषहरूलाई उसको लोग्ने वीरे स्वयम् पालैपालो पार्वतीलाई यौनकार्यमा संलग्न गराउन तत्पर छ। पार्वतीले प्रतिरोध गर्न नसक्दा उसको नैतिकता, आदर्श, मानवता र अस्मिता सबैमाथि विकृत पितृसत्ताले खेलेको छ। यहाँ भन्सारमा काम लगाइदिने आश्वासन पाएपछि वीरेले आफ्नी पत्नी पार्वतीलाई बलात्कार/भोग गर्न भरिया नाइकेलाई पठाएको छ। भरिया नाइकेले पितृसत्ताका आडमा गरिब असहाय नारीमाथि गरेको यौनहिंसालाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> "सत्ते मोरी, तिमी त सारै राम्री। तिमीलाई देखेपछि त ... " "एकदिन नाइकेले अकस्मात् पार्वतीको तिघ्रामा औँला गाडिदियो।" ..."म भएसम्म वीरे दाइलाई कुनै फिक्री छैन बुझ्यौ।" ... पार्वतीले नाइकेका आँखामा उर्लेको बासनाको छाललाई तुरुन्तै पढी। उसको रगत जमेझैँ उसलाई लाग्यो। ऊ भित्तामा लेप्सिई। नाइकेको आँट अरू सुरियो पार्वतीको आत्मा काम्यो। (पृ. ७२)

प्रस्तुत कथांशलाई हेर्दा पार्वतीको नारी शरीरको विक्रय र त्यसमाथिको पुरुष यौनिक उत्पीडनको अत्यन्त कुरूप अवस्था देखिन्छ। नाइकेले दुई रुपियाँको लोभ देखाई उसलाई लुटेको छ।

यसरी पितृसत्ताको विकास र विस्तारपछि पार्वतीजस्ता नारीहरू सीमान्त अवस्थामा पुगेका छन्। उनीहरूलाई पुरुषका यौनतृप्तिको साधन बनाइएको छ। उनीहरू शक्तिहीन भएकाले उपभोग्य वस्तुसरह उपभोग्य वस्तु बन्न पुगेका र पुरुषको खेलौना बनेका छन्। तत्कालीन पितृसत्तात्मक संरचनायुक्त समाजमा ऊ पुरुषबाट नै पीडित भएकी छे। यहाँ पार्वती पितृसत्तात्मक सामन्ती संस्कारले निर्माण गरेको उत्पीडनकारी संस्कृतिका कारण समाजका सदस्य तथा लोग्नेबाट लैङ्गिक हिंसा सहन बाध्य छे। यस कथामा नारी र पुरुषबिचको विषम लैङ्गिक सम्बन्ध रहेको छ र त्यसबाट सामन्ती पितृसत्ताको वर्चस्व स्थापना भएको देखिन्छ। यस कथाको लैङ्गिक सम्बन्ध खास गरी पुरुषकेन्द्री र अन्तःपरिवारकेन्द्री रहेको छ।

**लैङ्गिक विभेद, शोषण, दमन र उत्पीडन**

परम्परादेखि नै पितृसत्ता र त्यसको चिन्तन र व्यवहारबाट महिलाहरू चरम विभेदजन्य व्यवहार, शोषण, दमन र उत्पीडनमा पर्नुपरेको देखिन्छ। नारी उत्पीडनको जन्म परिवार, निजी सम्पत्ति र राज्यसत्तामाथि आधारित वर्ग समाजको बाटो हुँदै भएको हो। स्वास्नी मानिसहरूको उत्पीडन र दुई लिङ्गबिचको शत्रुता पितृसत्ताको आरम्भदेखि नै भएको हो। 'दुई रुपियाँ नोट' कथामा पितृसत्तात्मक सामाजिक संरचना र त्यसका मान्यताका केन्द्रीयतामा नारीमाथि चरम लैङ्गिक विभेद, शोषण, दमन र उत्पीडन भएको देखाइएको छ। तत्कालीन पितृसत्ताले पुरुष नै सर्वेसर्वा ठान्ने हुनाले समाजमा नारीहरूले नारकीय पशुवत् जीवन जिउन बाध्य भएको कारुणिक अवस्थालाई यसमा प्रस्तुत गरिएको छ। तत्कालीन विमर्शात्मक संरचनामा समाज र लिङ्गको दोहोरो सम्बन्धमा पितृसत्ताको दमनकारी भूमिकाले नारी उत्पीडनमा परेका र त्यसका कारण नै नारीहरू आत्महीन, स्वत्वहीन र वाणीहीन बन्नुपरेको अवस्था यसमा चित्रित छ। निम्नवर्गीय वीरे सहरिया परिवेशमा परिवार पाल्न असमर्थ भएपछि पत्नी पार्वतीलाई देहव्यापारमा संलग्न गराउँछ। लोग्नेको इच्छाबमोजिम असहमति राख्दाराख्दै ऊ पितृसत्ताको बलमा परपुरुषलाई यौनआनन्द दिने साधन बनिदिन्छे। पितृसत्ताकै वर्चस्व, प्रभुत्व, प्रभाव, अहम् र शोषणका कारण यहाँ पार्वतीले आफ्नो स्वतन्त्र अस्मिता र पहिचान गुमाई दमित र उत्पीडित बन्नुपरेको छ। आवारा केटाहरू, साहुका बिग्रिएका छोराहरू, घसिटु राम, मारवाडी, भरिया नाइके, बटु, किस्नेलगायतका तत्कालीन पितृसत्ताका मतियार परपुरुषहरूबाट पार्वती पटकपटक लुटिएकी छे। पत्नीको शरीर भोगाउन लोग्ने वीरे मुख्य मतियार बनेको छ। पुरुषको एकलौटी सत्ता भएको र त्यसको निरङ्कुश प्रयोगका लागि सबै ढङ्गले छुट पाएको समाजमा नारीको शरीर र अस्मितामाथिको अधिकार पनि सुरक्षित हुँदैन। यस्तो अवस्थामा नारीले बोले पनि, नबोले पनि र आफ्नो सतलाई सुरक्षित गर्न मात्र खोजे पनि प्रताडित हुनुपर्ने एक मात्र अन्तिम विकल्प बाँकी हुन्छ (कोइराला, २०७३, पृ. १२०)। यस कथामा लोग्ने वीरेको पत्नी पार्वतीमाथिको लैङ्गिक विभेदजन्य अत्याचारपूर्ण व्यवहारलाई यसरी प्रस्तुत गरिएको छ : "राँडलाई रातोदिन घरमा कोचिएर मर्छे। यसो यताउति गैहालोस्, केही खोजमेल गरेर ल्याइहालोस्, ... उसलाई मैयाँसाहेबको जस्तो रातदिन घरमा ठाँट पारेर खोपी सिँगारेर मर्न पाए पुग्यो" (पृ. ६४)। यहाँ वीरेले आफ्नी पत्नीको अरूसँग तुलना गर्दै गाली गरेको छ। गाउँलेहरू चाहिँ पार्वतीको गुण देखेर दङ्ग परेका छन् तर लोग्ने वीरेले चाहिँ कतै नगई घरमै बसेको भनेर गाली गरेको छ। कथामा निरीह पार्वतीमाथि बाहिरका नाठासँग हाँसठट्टा नगरेको आरोपमा लोग्नेले उत्पीडनजन्य व्यवहार गरेको छ। वीरे भन्छ : "उही पनि तँ कत्री होस् र ? ... कत्रो लाठसाहेबकी स्वास्नी होस् र ? (पृ. ६५)। यसरी पितृसत्ताले नारीको कुनै किसिको अस्तित्व स्वीकार गरेको छैन। उसले मान्छेसम्म ठानेको अवस्था छैन। पार्वती पुरुषको पाशविक व्यवहारबाट त्रस्त छे।

पितृसत्तात्मक मानसिकता भएको समाज र परिवारमा पुरुषको अधीन र नियन्त्रणमा रहनुपर्ने बाध्यताभित्र यहाँ पार्वती रुमलिएकी छे ।

प्रस्तुत कथामा पार्वतीभित्र पितृसत्ताको शोषण र उत्पीडनविरुद्धको चेतना भित्रभित्रै उत्पन्न भए तापनि उसले त्यसविरुद्ध विद्रोह गर्न सकेकी छैन । लोग्नेको अत्याचारविरुद्ध उसमा आएको भावनालाई यसरी प्रस्तुत गरिएको छ : "लोग्नेको अमानुषिक अन्याय, प्रचण्ड क्रोधको आघात खप्न नसकेर उसको मन कहिलेकाहीँ बिग्रन खोज्दथ्यो तापनि ऊ ती मन भर्मनाउने काँटका भावनाहरूलाई धेरै बेर आफ्नो मनमा टिक्न दिँदैनथी" (पृ. ६४) । यहाँ पितृसत्तात्मक उत्पीडनका विरुद्ध उसमा विद्रोहको ज्वाला दन्किए तापनि पितृसत्ताको वलशाली अधीनस्थताबाट माथि उठ्न सकेकी छैन । विकृत सामन्ती पितृसत्ताको दबदबा उसले छिचोल्न सकेकी छैन । वीरेले भोक मेट्न परपुरुषलाई शरीर सुम्पन गरेको आग्रहलाई प्रतिवाद गर्दा "थाहा छ सबै तेरो ! मेरो अगाडि सत्तेसावित्री बन्छेस्, पछाडि दस जनासँग आँखा झिम्क्याउँछेस्" (पृ. ६५) भनेर लोग्नेले गरेको तीव्र हिंसाजन्य गाली र दुर्व्यवहारको प्रतिवाद गर्दै पार्वती भन्छे : "हरे रामराम ! कस्ता असत्ती तिमी, जिभ्रो खस्ला कोरले गलेर" (पृ. ६५) । पार्वती पितृसत्ताको बर्बर उत्पीडन खप्न नसकेर "बरु मार न मलाई नै घाँटी अठ्याँएर अनि त हाइसन्चो भइजान्छ" (पृ. ६५) भन्न पुग्दछे । यसरी ऊ पितृसत्तात्मक उत्पीडनलाई आफ्नो जीवन बर्बाद पार्ने गरी नै स्विकार्न विवश छे । यहाँ पार्वतीमा मानसिक रूपमा पुरुषको अत्याचारविरुद्ध घृणा र प्रतिकार भाव प्रकट भएको छ र लोग्नेसँग बरु मार भनेर आत्मसमर्पण गर्न पुग्छे । कथामा पार्वतीलाई यौनशोषण गर्न नपाएपछि घसिटु रामले वीरेलाई कामबाट निष्कासन गर्छ । कामबाट निष्कासित वीरे स्वास्नी पार्वतीसँग "स्वास्नी मान्छे भएर के, पल्लापटिकी बाटुली पनि त स्वास्नी मान्छे हो नि तेरो आँखा फुट्दैनन् ? ... सत्तेसावित्री भएकी राँड ! म रातदिन मरीमरी कमाउने, तँ राँड बसीबसी घिच्ने ? ... " (पृ. ६८) भन्दै गाली गर्छ । यहाँ वीरेको चाहना पार्वतीले घसिटु रामलाई शरीर सुम्पिएर केही आर्जन गरोस् भन्ने हो । यस कथामा भनेजस्तो नभएकाले वीरेले पार्वतीमाथि पितृसत्तात्मक रौद्र रूप देखाई चरम शोषण, दमन र उत्पीडन गरेको देखिन्छ । कथामा भरिया नाइके आएर पार्वतीलाई यौनशोषण गर्न थालेपछि उसमा सिलौटाले खप्पर फुटाउने (पृ. ७१) चेतना त आउँछ तर आफ्ना कलिला बालबालिका सम्झिएर ऊ त्यो आँट र विद्रोहलाई भित्रभित्रै दबाउन विवश भई शरीर परपुरुष नाइकेलाई सुम्पन्छे । यसरी ऊ आफ्नै छाप्रोभित्र परपुरुषको यौनउत्पीडनको सिकार भएकी छे ।

'दुई रुपियाँ नोट' कथामा पार्वती आफ्नै लोग्ने वीरे र नाइके भरियाको यौन उत्पीडनको सिकार भएकी छे । यस कथामा उसको शरीर, स्वतन्त्रता र अस्मितामाथिको अधिकार बलशाली पुरुषसत्ताले हरण गरेको छ । लोग्ने वीरे आफ्नी श्रीमतीले शरीर सुम्पेर अन्य मानिसलाई खुसी पारोस् भन्ने चाहन्छ । ऊ पार्वतीलाई गाली गरेर, पिटेर, भोकै राखेर र बाटुलीको उदाहरण दिएर देहव्यापारतर्फ प्रवृत्त गराउँछ । तत्कालीन पुरुषकेन्द्री सामाजिक संरचनाभित्र निरीह नारीको यौन पुरुष इच्छाको वस्तु बन्छ । यौनकार्यमा संलग्न भइदिन आग्रह गर्दै वीरे पार्वतीलाई "नाइके जाति छ ! ... त्यसलाई खुसी पार्न सके भोलि नै भन्सारमा काम मिलाइदिन्छ" (पृ. ७१) भनेर फकाउँछ । वीरेको अनुरोध प्रतिकार गर्दागर्दै पुरुषसत्ताका अगाडि निरीह भई पार्वतीले नाइकेलाई आफ्नो शरीर सुम्पिएकी छे । नाइकेले "भोलिदेखि वीरे दाइ जागिरे हुने भए नि । चानचुने जागिर होइन, भन्सारको काम" (पृ. ७१) भन्दै पार्वतीको शरीरमाथि रजाइँ गर्न थालेको छ । यसरी तत्कालीन पितृसत्तात्मक सामन्ती समाजमा नारीहरू यौनशोषण र उत्पीडनबाट थिचिएको देखिन्छ । सामन्तवादी किसिमको तत्कालीन सामाजिक विमर्शात्मक संरचनामा नारीहरू पुरुषको कामोत्तेजना र यौनपिपासुजन्य हिंस्रक

र कुरूप व्यवहारबाट आक्रान्त भएको कारुणिक अवस्था यसमा देखाइएको छ। तत्कालीन विमर्शात्मक संरचनामा सामन्ती पितृसत्ताको दबदबा रहेको र त्यसको उत्पीडनबाट पार्वतीजस्ता निरीह नारीहरू नारकीय पशुवत् जीवन बिताउन बाध्य भएको िततो यथार्थलाई यस कथामा प्रस्तुत गरिएको छ।

पितृसत्ताद्वारा शक्तिहीन बनाइएकी पार्वती लोग्नेको उत्पीडन सहन बाध्य छे। लोग्नेकै अत्याचार सहेर बस्नेबाहेक उसको अर्को कुनै विकल्प देखिँदैन। यहाँ पार्वतीले लोग्नेको गाली खानु र सहेर बस्नु पितृसत्तात्मक प्रहार खेप्नु हो। सामन्ती समाजमा असमान वितरण प्रणाली र सामन्ती भूस्वामित्वका कारण पितृसत्ता फस्टाएको र त्यसको उत्पीडनमा पार्वतीजस्ता निरीह नारीहरू पर्नुपरेको तथ्यलाई यस कथाले प्रस्ट पारेको छ। सामन्ती सम्बन्धबाट निर्मित पितृसत्ता भएकैले नारीहरू त्यसको हिंसा र अधीनस्थतामा परेका हुन्। यहाँ पार्वतीको लोग्ने पितृसत्ताको नाइके उत्पीडनकारी सामन्त चरित्रका रूपमा उपस्थित छ भने पार्वती पितृसत्ताद्वारा दबाइएकी उत्पीडित चरित्रका रूपमा उपस्थित छ। प्रतिनिधित्वका दृष्टिकोणले यो लैङ्गिक समस्यायुक्त सबल कथाका रूपमा देखिन्छ।

**निष्कर्ष**

'दुई रुपियाँ नोट' कथा लैङ्गिक समस्यामा आधारित सामाजिक कथा हो। यस कथामा तत्कालीन प्रभुत्वशाली पुरुषवादी सामन्ती पितृसत्तात्मक सामाजिक संरचनाका कारणले नारीहरू चरम शारीरिक र मानसिक यौनशोषणमा परी शक्तिहीन र सीमान्तीकृत बनाइएको र पुरुषहरू यौनपिपासु बनी यौन सुखभोगमा लिप्त रहेको अवस्थाको मर्मपूर्ण प्रस्तुति गरिएको छ। यस कथामा पारिवारिक र अन्तःपारिवारिक लैङ्गिक सम्बन्ध देखाइएको छ। यहाँ नारी र पुरुषबिचको विषम लैङ्गिक सम्बन्ध प्रस्तुत गरिएको छ। कथाको मुख्य पात्र वीरे र पार्वतीको पति र पत्नीको पारिवारिक सम्बन्ध रहेको तर त्यो हार्दिक, मित्रवत् र प्रेमपूर्ण नरहेको देखिने यसमा वीरे र पार्वतीको आवारा-केटाहरू, साहुका बिग्रेका छोराहरू, बटु, नाइके भरिया, बाटुली आदिसँग अन्तःपारिवारिक सम्बन्ध रहेको छ। यसमा पति र पत्नीबिचमै विकृत, हिंस्रक र यौनउत्पीडनकारी लैङ्गिक अन्तःसम्बन्ध प्रस्तुत भएको देखिन्छ। यस कथामा अन्य पुरुष पात्रहरूको यौनपिपासु र कामुकतापूर्ण व्यवहारको अमानवीय सम्बन्ध रहेको छ। पारिवारिक र सामाजिक दुवै तहमा यस कथामा प्रस्तुत लैङ्गिक सम्बन्ध सुमधुर र सन्तुलित नभई शत्रुवत्, विभेदजन्य, उत्पीडनकारी र यौनशोषणजन्य रहेको देखिन्छ। तत्कालीन सामन्ती उत्पादनसम्बन्धमा आधारित पितृसत्तात्मक समाजमा विद्यमान पुरुष प्रभुत्व, वर्चस्व र अधीनस्थताको जर्जर अवस्था प्रस्तुत गरिएको यसमा मुख्य नारी पात्र पार्वतीले लोग्नेलगायत उसका साथीहरूबाट चरम यौनशोषण, हिंसा र उत्पीडन भोग्नुपरेको स्थिति देखाइएको
छ। प्रस्तुत कथामा मूलतः नारीको कारुणिक अवस्था नै मुख्य रूपमा प्रस्तुत गरिएको छ। सामाजिक र आर्थिक दृष्टिले केन्द्रबाट सीमान्तमा पुऱ्याएकी नारीको प्रतिनिधित्व गराइएको यसमा गरिब नारीका जीवन स्थितिलाई देखाइएको छ। मुख्य पात्र पार्वती लोग्नेकै सहयोग र समर्थनमा परपुरुषहरूद्वारा यौनशोषणमा पर्नु तत्कालीन सामन्ती आर्थिक आधारमा विकसित सामन्ती आर्थिक संस्कृतिको परिणाम हो। प्रस्तुत कथामा पितृसत्तात्मक संस्कृतिले नारीमाथि यौन दुराचार गरी यौनानन्द लिने निकृष्ट पुरुषसत्ताका कार्यलाई प्रस्तुत गरिएको छ। यसमा मुख्य नारी पात्र पार्वतीलाई शक्तिहीन र कमजोर बनाई उसको स्वाभाविक अस्तित्व र पहिचानमाथि तत्कालीन

सामन्ती पितृसत्ताले प्रहार गरेको मार्मिक अवस्थाको चित्रण छ । यसरी परिवारको आडभरोसा गर्नुपर्ने सदस्य लोग्नेबाट नै पत्नी पार्वती चरम यौनशोषण र उत्पीडनमा पर्नुपरेको छ । यसरी परम्परादेखि नै पितृसत्ता र त्यसको चिन्तन र व्यवहारबाट नेपाली महिलाहरू चरम विभेदजन्य व्यवहार, शोषण, दमन र उत्पीडनमा पर्नुपरेको र त्यसबाट नारीको अस्तित्व चरम सङ्कटग्रस्त बन्न पुगेको मर्मपूर्ण अवस्था देखाउनु विकलको 'दुई रुपियाँ नोट' कथाको मुख्य उद्देश्य रहेको देखिन्छ ।

## सन्दर्भ सामग्रीसूची


आचार्य, बलराम (२०७४). *सामाजिक संस्था र प्रक्रियाको समाजशास्त्रीय विश्लेषण.* नेसनल बुक सेन्टर ।

कोइराला, नरेन्द्रप्रसाद (२०७३). रमेश विकलका कथामा सीमान्तीयता. अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध. त्रिभुवन विश्वविद्यालय ।

खनाल, राजेन्द्र (२०७५). *लैङ्गिक समालोचना सिद्धान्त र प्रयोग.* सनलाइट पब्लिकेसन ।

गिरी, अमर (२०७०). सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा. *भृकुटी.* १९, पृ. ११–४६ ।

गौतम, कृष्ण (२०७१). *उत्तरसिद्धान्त.* भृकुटी एकेडेमिक पब्लिकेसन ।

चैतन्य, (२०७०). सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा. *भृकुटी.* १९. पृ. १४२–१६५ ।

पाण्डेय, ताराकान्त (२०७३). *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र.* साझा प्रकाशन ।

पोखरेल, गुरुप्रसाद (२०८०). सामाजिक यथार्थवादी नेपाली कथामा प्रतिनिधित्व. अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध. त्रिभुवन विश्वविद्यालय ।

पौडेल, रामचन्द्र (२०७०). मार्क्सवाद र उत्तरसंरचनावाद : एक तुलनात्मक विश्लेषण. *प्रवर्तक.* ३. पृ. ९२-९६ ।

पौड्याल, षडानन्द (२०७६). *आधुनिक नेपाली कथामा सामाजिक सम्बन्ध.* नेपाल प्रज्ञा प्रतिष्ठान ।

भट्टराई, रमेशप्रसाद (२०६८). लैङ्गिक समालोचना. *रत्न बृहत् नेपाली समालोचना.* सैद्धान्तिक खण्ड. पृ. २४४-२५८ ।

भट्टराई, रमेशप्रसाद (२०७०). सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरू. *भृकुटी.* १९. पृ. ३३४-३६४ ।

भट्टराई, रमेशप्रसाद (२०७७). *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ.* भुँडीपुराण प्रकाशन ।

विकल, रमेश (२०१९). *नयाँ सडकको गीत.* साझा प्रकाशन ।

श्रेष्ठ, तारालाल (२०६८). *शक्ति, स्रष्टा र सबाल्टर्न.* डिस्कोर्स पब्लिकेसन ।

Barker, Chris (2017). *Cultural Studies : Theory and Practice*. 5th Ed. Sage Publication.

Faucult, Michel (1977). *Discipline and Punish : The Birth of the Prison.* Pantheon.

Faucult, Michel (1980). *Power/Knowledge*. Pantheon.

Gramsci, Antonio (1996). *Selections from the Prison Notebooks.* Hindi Edition. (translated by hoare and Geoffrey Nowell Smith). Orient Longman.

Hall, Stuart, (Ed. 1997). *Representation*. Sage Publication.

Lukes, Steve (1974). *Power : A Radical View*. Macmillan Press.

Mills, C.Wright (1956). *The Power Elite.* Oxford University press.